# स्वरोजगारसन्देश

वर्ष १। २०८२ चैत्र । अङ्क ४

उद्यमी बन्ने ईच्छाको उपाय




# लगानी १४ अर्ब नाघ्यो, बचतमात्रै करीब ८५ करोड



स्वरोजगारसन्देशको लागि....

संरक्षक
**माननीय सस्मित पोखरेल**
मन्त्री- शिक्षा, विज्ञान तथा प्रविधि एवम् युवा तथा खेलकुद

सल्लाहकार
**अनिलराज पौडेल**
कार्यकारीउपाध्यक्ष

प्रधानसम्पादक
**सुदीप सिल्वाल**
शाखाप्रमुख, प्रशासन तथा सूचना प्रविधि

कार्यकारीसम्पादक
**धीरज अधिकारी**
सूचनासहायक

प्रकाशक
**युवा तथा साना व्यवसायी स्वरोजगार कोष**
कोपुण्डोल, ललितपुर ।
फोन ०१ ५१०२७८२/८८
ईमेल: info@ysef.gov.np
www.ysef.gov.np

# शिक्षा, विज्ञान तथा प्रविधि एवम् युवा तथा खेलकुदमन्त्रीमा माननीय सस्मित पोखरेलज्यू नियुक्त

**सस्मित पोखरेल युवा तथा साना व्यवसायी स्वरोजगार कोषका अध्यक्षसमेत हुनुहुन्छ । विभागीयमन्त्री अध्यक्ष हुने व्यवस्थाबमोजिम उहाँ मन्त्रीमा नियुक्ति हुनसाथ कोषको अध्यक्ष बन्नुभएको हो ।**



नेपाल सरकारमा सस्मित पोखरेलज्यू शिक्षा, विज्ञान तथा प्रविधि एवम् युवा तथा खेलकुदमन्त्री नियुक्त हुनुभएका छन् ।

कानुनमा स्नातक गर्नुभएका सस्मितले काठमाण्डौ विश्वविद्यालय स्कुल अफ लबाट बी. ए. एल. एल. बी. गर्नुभएको छ । त्यस्तै, प्रारम्भिकशिक्षा र प्लस टु भने अमेरिकामा पढ्नुभएको हो ।

यसअघि उहाँले २०७९ को स्थानीय निर्वाचनमा प्रधानमन्त्री बालेन्द्र साहलाई काठमाण्डौ महानगरको प्रमुख बनाउन सक्रियभूमिका खेल्नुभएको थियो । उहाँ शिक्षाक्षेत्र हेर्ने सहायकविज्ञ र शहरीयोजना आयोगमा सहायकविज्ञको रूपमा सक्रिय भएसँगै महानगरको शिक्षासल्लाहकारका रूपमा नीति निर्माणदेखि कार्यान्वयनसम्म काम गर्नुभयो । महानगरको वार्षिकनीति, योजना, कार्यक्रम र बजेट बनाउने प्रक्रियामा समेत समन्वय गर्नुभएको उहाँले महानगरमा रहँदा पुराना कानुन परिमार्जन गर्नमा पनि भूमिका खेल्नुभएको छ । त्यस्तै, नयाँकानुनी संरचना बनाउन पनि सक्रिय उहाँले सामुदायिकविद्यालयलाई प्राथमिकता दिँदै कक्षा १ देखि १२ सम्म करीब ३० हजार विद्यार्थीलाई छात्रवृत्ति वितरण गराउन भूमिका खेल्नुभएको छ ।

सामुदायिकविद्यालयमा स्मार्टबोर्ड जडान, विद्यालय गुरुयोजना, 'बुकफ्री फ्राई-डे' कार्यक्रम, भौतिक सौन्दर्यीकरण, आईसीटीमैत्री विकास, ईसीडी कक्षाकोठा सुधार, दिवाखाजा र शिक्षकतालिममा प्रत्यक्षभूमिका खेल्नुलाई सामाजिकपुँजीको रूपमा व्याख्या भएको छ ।

## मन्त्रीज्यू सरकारको प्रवक्ताः

शिक्षा, विज्ञान तथा प्रविधि एवम् युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेल सरकारको प्रवक्ता बन्नुभएको छ ।

चैत्र १३ गते बसेको मन्त्रिपरिषद बैठकले सस्मितलाई प्रवक्ताको जिम्मेवारी दिएको हो । प्रधानमन्त्री बालेन्द्र साहको अतिनिकट मानिनुहुने मन्त्री सस्मितलाई सरकारले प्रवक्ताको रूपमा जिम्मेवारी दिएको हो ।

## कार्यकारीउपाध्यक्षज्यूबाट शुभकामना व्यक्त



युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यकारी उपाध्यक्ष अनिलराज पौडेलज्यूले नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधि एवम् युवा तथा खेलकुदमन्त्री माननीय सस्मित पोखरेलज्यूलाई शिक्षा, विज्ञान तथा प्रविधि एवम् युवा तथा खेलकुदमन्त्रीजस्तो महत्वपूर्ण जिम्मेवारीमा नियुक्त हुनु भएकोमा खुशी व्यक्त गर्दै बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको छ ।

शिक्षा, विज्ञान र प्रविधिक्षेत्र कुनै पनि राष्ट्रको दीर्घकालीन विकासको मेरुदण्ड हुन् भने युवा तथा खेलकुदक्षेत्र राष्ट्रको ऊर्जा, सिर्जनशीलता र भविष्यका आधार हुन् । यी दुई महत्वपूर्णक्षेत्रको संयुक्त नेतृत्व युवा र ऊर्जाशील व्यक्तित्वको हातमा पुगेकोमा आशावादी रहेको बताउनुभएको छ । मन्त्रीज्यूको कार्यकालले शिक्षाप्रणालीलाई व्यवहारमुखी,

प्रविधिमैत्री र गुणस्तरीय बनाउँदै युवाहरूलाई सीप, उद्यमशीलता र नवप्रवर्तनतर्फ अभिप्रेरित गर्ने विश्वास लिएको बताउनुभएको हो ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषले देशभरका युवाहरूलाई स्वरोजगारका माध्यमबाट आत्मनिर्भर बनाउने उद्देश्यका साथ कार्य गर्दैआएको छ । विशेषगरी वित्तीयपहुँच विस्तार, उद्यमशीलता विकास र रोजगारी सिर्जनामा कोषले निरन्तर योगदान पुऱ्याइरहेको छ । यसमा नवनियुक्त मन्त्रीको नेतृत्वमा शिक्षा, सीपविकास र उद्यमशीलताबीच अझ प्रभावकारी समन्वय स्थापित भई युवाहरूलाई उत्पादनशीलक्षेत्रमा आकर्षित गर्ने नीति तथा कार्यक्रमहरू अझ सशक्त रूपमा अगाडि बढ्ने अपेक्षा राख्नुभएको छ ।

आजको सन्दर्भमा युवाहरूलाई केवल शैक्षिक प्रमाणपत्रमात्र नभई व्यावहारिकसीप, नवप्रवर्तनशीलसोच र आत्मनिर्भर बन्ने क्षमता विकास गर्नु अत्यावश्यक छ । यस दिशामा मन्त्रालयबाट लिइने दूरदर्शीनीतिगत पहलहरूले देशको आर्थिक तथा सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास व्यक्त गर्दै उहाँले खेलकुदक्षेत्रको विकासमार्फत् युवाहरूमा अनुशासन, प्रतिष्पर्धात्मकभावना र राष्ट्रियगौरवको भावना अभिवृद्धि हुने अपेक्षा गरिएको बताउनुभएको छ ।

युवा मन्त्रीको नेतृत्वमा मन्त्रालयले नवीनसोच, पारदर्शिता र प्रभावकारी कार्यान्वयनमार्फत् उल्लेखनीय उपलब्धि हासिल गर्नेछ भन्नेमा विश्वास गर्दै कोष र मन्त्रालयबीचको सहकार्यलाई अझ सुदृढ बनाउँदै युवामैत्री कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा हामी सदैव सहकार्य र सहयोग गर्न प्रतिबद्धता जनाउनुभएको हो ।

## वित्तीय सचेतनाबारे "वित्तीयपहुँच जोड वित्तीयशिक्षा"को संयुक्तदृष्टिकोण

**-देवराज पौडेल,** वित्त सहायक



नेपालमा बेरोजगारी र अर्धरोजगारीको चुनौती समाधान गर्दै युवाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले स्थापना भएको युवा तथा साना व्यवसायी स्वरोजगार कोष (YSEF) ले वित्तीयपहुँच विस्तारमात्र होईन, वित्तीयसचेतना अभिवृद्धिमा पनि महत्वपूर्णभूमिका निर्वाह गर्दै आएको छ । विशेषगरी कोषको वित्त शाखा (Finance Division)ले कर्जाव्यवस्थापन, वित्तीयअनुशासन, पारदर्शिता तथा सचेतनाविस्तारका माध्यमबाट युवाहरूलाई उद्यमशीलतामा प्रेरित गर्ने कार्य गर्दैआएको छ । यस सन्दर्भमा वित्तीयसचेतना कोषको कार्यप्रणालीको केन्द्रीयतत्वका रूपमा देखिन्छ ।

वित्तीयसचेतना भन्नाले आम्दानी, खर्च, बचत, लगानी, ऋण व्यवस्थापन र वित्तीयजोखिमबारे सही ज्ञान तथा सीप हासिल गर्नु हो । कोषको वित्त शाखाले यही अवधारणालाई

व्यवहारमा उतार्दै थोककर्जा (wholesale lending) प्रणालीमार्फत् बैङ्क, वित्तीय तथा सहकारीहरूसँग समन्वय गरी युवाहरूलाई सहुलियतपूर्णकर्जा उपलब्ध गराउने व्यवस्था गरेको छ । तर केवल कर्जा प्रवाहमात्र पर्याप्त हुँदैन; कर्जा सही ढङ्गले प्रयोग गर्न, समयमै फिर्ता गर्न र व्यवसायलाई दिगो बनाउने क्षमताविकास गर्नु अझ महत्वपूर्ण हुन्छ । यही ठाउँमा वित्तीयसचेतनाको आवश्यकता स्पष्ट हुन्छ ।

कोषको वित्त शाखाले कर्जा प्रवाह प्रक्रियामा वित्तीयअनुशासनलाई उच्चप्राथमिकता दिएको छ । कर्जा लिने संस्थाहरूलाई स्पष्टमापदण्ड, ब्याजदर, भुक्तानी समयतालिका र प्रतिवेदनप्रणाली लागू गरिन्छ । यसले अप्रत्यक्ष रूपमा लाभग्राहीयुवाहरूलाई पनि वित्तीयअनुशासन सिकाउँछ । उदाहरणका लागि, ऋण लिंदा व्यवसायिकयोजना (business plan) तयार पार्नुपर्ने, आम्दानी–खर्चको हिसाब राख्नुपर्ने र नियमित किस्ता तिर्नुपर्नेजस्ता व्यवस्थाहरूले वित्तीयव्यवस्थापनको सीप विकास गर्दछ ।

वित्त शाखाले वित्तीयसाक्षरता अभिवृद्धिका लागि विभिन्न तालिम, अभिमुखीकरण तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्न सहकार्य गर्दैआएको छ । बैङ्क तथा वित्तीयसंस्थाहरूसँगको सहकार्यमा उद्यमशीलताविकास, बजेटनिर्माण, नगदप्रवाह व्यवस्थापन (cash flow management), बचत र लगानीका आधारभूतसिद्धान्त बारे जानकारी दिईन्छ । यसले युवाहरूलाई केवल ऋण प्रयोगकर्ताबाट सफल उद्यमी बन्ने दिशामाअघि बढाउँछ ।




कोषको वित्तीयप्रणालीको अर्को महत्वपूर्णपक्ष पारदर्शिता र जवाफदेहिता हो ।

वित्त शाखाले कर्जाप्रवाह, असूली, ब्याजगणना तथा अनुगमनसम्बन्धी सबै प्रक्रियामा स्पष्टता राख्दछ । नियमित लेखापरीक्षण, प्रतिवेदन तथा अनुगमनप्रणालीले वित्तीयअनुशासन कायम राख्न सहयोग गर्दछ । यसले लाभग्राहीमा विश्वास सिर्जना गर्नुका साथै उनीहरूलाई जिम्मेवार बनाउँछ । वित्तीयसचेतना केवल ज्ञान होईन, व्यवहारमा देखिने अनुशासन पनि हो भन्ने सन्देश यसबाट प्रवाहित हुन्छ ।

नेपालमा धेरै युवाउद्यमीहरू वित्तीयज्ञानको अभावका कारण व्यवसायमा असफल हुने गरेका छन् । आम्दानी–खर्चको अभिलेख नराख्ने, ऋणको उचित उपयोग नगर्ने, बजारविश्लेषण नगर्नेजस्ता कमजोरीहरूले व्यवसायलाई जोखिममा पार्दछ । कोषको वित्त शाखाले यस्ता समस्यालाई सम्बोधन गर्न वित्तीयसचेतना केन्द्रित कार्यक्रमहरूलाई जोड दिएको छ । विशेषगरी साना तथा नवप्रवेशी उद्यमीहरूलाई लक्षित गरी "कम लागतमा कसरी व्यवसाय सञ्चालन गर्ने", "किस्ता व्यवस्थापन कसरी गर्ने" र "नाफा पुनः लगानी किन आवश्यक छ" भन्ने विषयमा प्रशिक्षण दिईन्छ । डिजिटल वित्तीयसेवाको विस्तारसँगै कोषले आधुनिकप्रविधिको प्रयोगमा पनि जोड दिएको छ । बैङ्किङप्रणालीमार्फत् कर्जाप्रवाह, अनलाईनप्रतिवेदन, डिजिटलभुक्तानीजस्ता अभ्यासहरूले पारदर्शिता र सहजता बढाएका छन् । तर डिजिटलमाध्यमसँगै आउने साईबरजोखिमबारे सचेत गराउनु पनि उत्तिकै आवश्यक हुन्छ । वित्त शाखाले सुरक्षित डिजिटलकारोबार, पासवर्ड व्यवस्थापन र ठगीबाट जोगिने उपायबारे जानकारी दिनु पनि वित्तीय सचेतनाको महत्वपूर्णपक्ष मान्दछ ।

वित्तीयसचेतनाले केवल व्यक्तिगत उद्यमीलाई मात्र फाईदा पुर्‍याउँदैन, यसले समग्रअर्थतन्त्रमा सकारात्मकप्रभाव पार्दछ । जब युवाहरू वित्तीय रूपमा सक्षम हुन्छन्, उनीहरूले उत्पादनशीलक्षेत्रमा लगानी गर्छन्, रोजगारी सिर्जना गर्छन् र स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउँछन् । कोषको वित्त शाखाले यही लक्ष्यलाई केन्द्रमा राख्दै कर्जाप्रवाह र वित्तीयशिक्षा दुबैलाई सन्तुलित रूपमा अघि बढाइरहेको छ ।

कोषको आधिकारिक वेबसाइट (www.ysef.gov.np) मा पनि विभिन्न नीतिनियम, कार्यविधि, कार्यक्रम तथा सूचना उपलब्ध गराइएका छन्, जसले वित्तीयपारदर्शिता र पहुँचलाई अझ सुदृढ बनाउँछ । डिजिटलमाध्यमबाट जानकारी उपलब्ध गराउनु स्वयंमा वित्तीयसचेतना विस्तारको एक प्रभावकारी उपाय हो । यसले लाभग्राही, सरोकारवाला संस्था तथा सर्वसाधारणलाई कोषका गतिविधिबारे स्पष्ट जानकारी दिन्छ ।

अन्ततः, युवा स्वरोजगार कोषको वित्त शाखा केवल आर्थिकव्यवस्थापन गर्ने निकाय मात्र होईन, वित्तीयसचेतना विस्तार गर्ने महत्वपूर्णमाध्यम पनि हो । कर्जा प्रवाहसँगै ज्ञान, सीप र अनुशासनको विकास नगरेसम्म दिगो उद्यमशीलता सम्भव हुँदैन । त्यसैले कोषले अपनाएको "वित्तीयपहुँच जोड वित्तीयशिक्षा"को संयुक्त दृष्टिकोण अत्यन्त सान्दर्भिक र प्रभावकारी देखिन्छ ।

यस परिप्रेक्ष्यमा, प्रत्येक युवा उद्यमीले वित्तीयसचेतनालाई आफ्नो व्यवसायिक जीवनको आधार बनाउनु आवश्यक छ । सही वित्तीय निर्णय, अनुशासित व्यवहार र दीर्घकालीनसोचले मात्र सफल उद्यमशीलताको मार्गप्रशस्त गर्छ । युवा स्वरोजगार कोषको वित्त शाखाले देखाएको यो मार्गदर्शनले नेपालका युवाहरूलाई आत्मनिर्भर, सक्षम र समृद्ध बनाउने दिशामा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ ।

# कोषको लगानी १४ अर्ब नाघ्यो, बचतमात्रै करीब ८५ करोड




युवा तथा साना व्यवसायी स्वरोजगार कोषले आफ्नो लगानी विस्तार गर्दै कुल लगानी १४ अर्ब रूपैयाँ पुर्याएको छ ।

कोषले जनाएअनुसार पछिल्लो तथ्याङ्कानुसार हालसम्म कुल १४ अर्ब ३६ करोड ४७ लाख ८५ हजार रूपैयाँ लगानी भईसकेको छ, जसले कोषको पहुँच र प्रभाव देशव्यापी रूपमा विस्तार भएको सङ्केत गर्दछ ।

कोषले चालु आर्थिक वर्षमा मात्रै २३ करोड २४ लाख ५० हजार रूपैयाँ नयाँलगानी गरेको जनाएको छ । वित्त शाखाकी वित्तअधिकृत ज्योति थापामगरका अनुसार कोषले प्रत्येक त्रैमासिकमा साँवा तथा ब्याज गरी करीब १५ करोड रुपैयाँ सङ्कलन गर्दै आएको छ । यसले कोषको नगद प्रवाह सन्तुलित र वित्तीय आधार मजबुत बन्दै गएको दर्शाउँछ ।

# देशव्यापी विस्तार

कोषको लगानी हाल २,९०३ सहकारीसंस्थामार्फत् परिचालित रहेको छ । मनाङ र मुस्ताङबाहेक देशका ७५ जिल्लामा कोषको कार्यक्रम विस्तार भईसकेको छ । यसले ग्रामीण तथा विपन्नवर्गलाई स्वरोजगारतर्फउन्मुख बनाउन महत्वपूर्ण भूमिका खेलेको छ ।

# आम्दानी र खर्चको अवस्था

स्थापनाकालदेखि हालसम्म कोषले ब्याजवापत ३ अर्ब ४१ करोड ७ लाख रूपैयाँभन्दा बढी आम्दानी गरेको छ । त्यस्तै, विपन्नवर्ग कर्जाअन्तर्गत ब्याज सहुलियतका रूपमा करीब २ अर्ब ४८ करोड ७२ लाख रूपैयाँ खर्च भएको छ ।

चालु आर्थिक वर्षमा मात्रै ५७ करोड ६ लाख ९६ हजार रूपैयाँ असूली भएको तथ्याङ्कले देखाउँछ, जसले कर्जा पुनःप्राप्तिदर सन्तोषजनक रहेको सङ्केत गर्दछ ।

# नाफास्थिति

समग्रमा कोषले करीब ८५ करोड रूपैयाँ बचत तथा नाफा आर्जन गर्न सफल भएको छ । यो उपलब्धिले कोषको सञ्चालन क्षमता, कर्जा व्यवस्थापन र वित्तीय अनुशासन मजबुत रहेको पुष्टि गर्दछ ।

## मुख्य तथ्य

- **कुल लगानी:** १४ अर्ब ३६ करोड ४७ लाख ८५ हजार
- **चालु वर्षको लगानी:** २३ करोड २४ लाख ५० हजार
- **त्रैमासिक सङ्कलन:** करिब १५ करोड
- **सहकारीसंस्था:** २ हजार ९ शय ३
- **सेवा विस्तार:** ७५ जिल्ला
- **कुल ब्याज आम्दानी:** ३ अर्ब ४१ करोड ७ लाख+
- **ब्याज खर्च:** २ अर्ब ४८ करोड ७२ लाख
- **चालु वर्ष असूली:** ५७ करोड ६ लाख ९६ हजार
- **बचत:नाफा/** करीब ८५ करोड

# लगानीको विश्लेषण

- **समग्र वित्तीय संरचना**

कोषको कुल लगानी **१४ अर्ब ३६ करोड ४७ लाख ८५ हजार रूपैयाँ** पुग्नुले यसको कार्यक्षेत्र र कर्जा विस्तार उल्लेख्य रूपमा बढेकै हो । यसमध्ये ठूलोहिस्सा गाउँ-गाउँमा सर्वसाधारणको पहुँचमा हुने सहकारीसंस्थामार्फत् परिचालित भएकाले कोषले **थोककर्जा ढाँचा** प्रभावकारी रूपमा अपनाएको स्पष्ट

हुन्छ । यद्यपि उल्लेख्य प्रचारप्रसार हुन नसकेको देखिन्छ ।

यस ढाँचाले प्रत्यक्ष खुद्राकर्जा वितरणको सट्टा मध्यस्थ संस्थामार्फत् (२ हजार ९ शय ३ सहकारीसंस्था) ऋण प्रवाह गर्दै जोखिम व्यवस्थापन र पहुँच विस्तार दुवै सुनिश्चित गरेको कोषको सवलपक्ष हो ।

- **कर्जा विस्तार र वृद्धिदर**

चालु आर्थिकवर्षमा मात्रै **२३ करोड २४ लाख ५० हजार रूपैयाँ नयाँलगानी** हुनु कुल लगानीको तुलनामा अपेक्षाकृत सानोवृद्धि हो । अपेक्षाकृत लगानी भएको नदेखिएतापनि कोष पूर्णतः सक्रियताका साथ नै लक्ष्य पछ्याउने दिशामा क्रियाशील भएको देखिन्छ ।

यसले २ सम्भावना देखाउँछ:

- कोष अब **विस्तार चरणबाट स्थायित्व चरण**मा प्रवेश गरिरहेको,
- वा नयाँकर्जा प्रवाहभन्दा **पूरानोकर्जाको पुनःसङ्कलन )असूली)**लाई बढी प्राथमिकता दिईरहेको देखिन्छ ।

यदि कुल हैसियत (पोर्टफोलियो) १४ अर्बभन्दा माथि छ भने वार्षिक नयाँलगानी ~०.१६% मात्र देखिन्छ, जुन अत्यन्तै न्यून विस्तारदर हो । यसतर्फ ध्यान दिनु जरुरी देखिन्छ ।

- **नगद प्रवाह**

कोषले प्रत्येक त्रैमासिक करीब **१५ करोड रूपैयाँ साँवा र ब्याज असूली** गरिरहेको तथ्य अत्यन्त महत्वपूर्ण छ ।

वार्षिक रूपमा अनुमान गर्दा:

- १५ करोड × ४ = **६० करोड रुपैयाँ वार्षिक नगद प्रवाह**

यसले सङ्केत गर्छ:

- नियमित नगद प्रवाह स्थिर छ
- ऋण पुनःचक्र (पूरानोकर्जा फिर्ता भएर पुनः लगानीसम्भव भ (ईरहेको छ
- तलरताको चाप कम छ

- **आम्दानी–खर्च संरचना**

**कुल ब्याज आम्दानी:**

**३ अर्ब ४१ करोड ७ लाख रूपैयाँ+**

**विपन्नवर्ग अन्तर्गत ब्याज खर्च:**

**२ अर्ब ४८ करोड ७२ लाख रूपैयाँ**

### शुद्ध ब्याजान्तर:

= ३.४१ अर्ब – २.४८ अर्ब
= करीब **९२ करोड ३५ लाख रूपैयाँ**

यस संरचनाले के देखाउँछ भने:

- कोषको पुँजीगत/वित्तीय मुख्य आम्दानीस्रोत ब्याजान्तर हो
- सरकारले सञ्चालनार्थ स-शर्त दिईरहेको वार्षिक बजेट/खर्च भईसकेको छ । तर यदि कोष स्वायत्ततातर्फ गयो भने आफ्नो खर्च गर्न कोष सक्षम हुने सम्भावना अधिक छ
- आम्दानी र खर्चको आकार तथा अनुपातलाई विश्लेषण गर्दा कोष सकारात्मक अन्तरमा कायम छ

- ### नाफा र सञ्चालन दक्षता

कुल बचत/नाफा: **करीब ८५ करोड रूपैयाँभन्दा बढी**

यो नाफा/बचत निम्न आधारमा विश्लेषण गर्न सकिन्छ:

- ब्याजान्तर )~९२ करोड(मध्ये खर्चप्रशासनिक / लागत घटाएर अन्ततः ८५ करोड नाफा देखिनु **उच्च परिचालन दक्षताको** सङ्केत हो

- कोष वित्तीय स्थिरता कायम गर्नसक्ने अवस्थामा छ
- प्रशासनिक खर्च नियन्त्रणमा छ
- ब्याज सहुलियतपछि पनि नाफा कायम राख्न सफल छ

- ### कर्जा असूली

चालु आर्थिकवर्षमा: **५७ करोड ६ लाख ९६ हजार रूपैयाँ असूली**

यसले देखाउँछ:

- असूलीदर सन्तोषजनक छ
- विद्यमान जोखिम अत्यधिक छैन
- सहकारीप्रणालीमार्फत् असूली प्रभावकारी रूपमा भईरहेको छ

- ### भौगोलिक र संस्थागत विस्तार

- २,९०३ सहकारीसंस्थामार्फत् परिचालन
- ७५ जिल्लामा पहुँच मनाङ र मुस्ताङ)बाहेक(

यसको अर्थ:

- कोषको पहुँच अत्यन्तै व्यापक छ
- तर हिमाली दुर्गम जिल्लामा पूर्ण पहुँच अझै छैन
- सहकारीसंस्था निर्भर ढाँचाले विस्तारक्षमता बढाएपनि अनुगमनजन्य जोखिम बढाएको छ

- **वित्तीय स्वास्थ्य**

**सकारात्मकपक्ष:**

- ठूलोलगानी हैसियत (+अर्ब १४)
- नियमित नगद प्रवाह (~६० करोड(वर्ष/
- सकारात्मक नाफा/बचत) ~८५ करोड(
- व्यापक भौगोलिक पहुँच

**चुनौतीहरू:**

- नयाँलगानी वृद्धिदर न्यून
- सहकारीप्रणालीमा निर्भरता उच्च
- सहुलियत ब्याज खर्च उच्च (अर्ब ४८.२)
- दुर्गम जिल्लाहरूमा समेट्ने अन्तर हुनु

- **समग्रमा**

युवा तथा साना व्यवसायी स्वरोजगार कोष **वित्तीय रूपमा स्थिर र सैद्धान्तिक रूपमा र गैरनाफामूलक सार्वजनिककर्जा कार्यक्रम** को रूपमा देखिएपनि मूलतः बचत/नाफा कमाएको वित्तीय कार्यक्रमको रूपमा विकास भईरहेको देखिन्छ।

**यसको मुख्य विशेषता:**

- ठूलो तर स्थिर ऋृण हैसियत
- प्रभावकारी असूलीसंयत्र
- सकारात्मक ब्याज
- सीमित तर स्थिर नाफा उत्पादन

**तर दीर्घकालीन रूपमा कोषले:**

- कर्जा गुणस्तर सुधार
- सहकारी निगरानीप्रणाली बलियो बनाउने
- दुर्गम जिल्लामा पहुँच विस्तार
- नयाँलगानी वृद्धिदर बढाउनेजस्ता पक्षमा ध्यान दिन आवश्यक देखिन्छ ।

**कोषले सीमितस्रोतबाट शुरुवात गरी अहिले अर्बौंको लगानी विस्तार गर्नुका साथै नाफा आर्जन गर्न सफल हुनु उल्लेखनीय उपलब्धि हो । वित्तीयअनुशासन, सहकारीसंस्थामार्फत् पहुँच विस्तार र नियमित असूली व्यवस्थाले कोषलाई दिगो र प्रभावकारीसंस्थाको रूपमा स्थापित हुँदै गरेको देखाउँछ ।**